annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ५१, पृष्ठ ८ | काठमाडौं, शनिबार ६ असार २०८३ | ज्येष्ठ शुक्लपक्ष पञ्चमी नेपाल संवत् ११४६ | SATURDAY, JUNE 20, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# कर्णालीका सडक पूर्वाधार: समृद्धिका आधार

कुनै बेला कर्णालीवासीले गाडी हेर्न कालापहाड (भारत) जानुपर्थ्यो। नुनतेल किन्न बर्दिया राजापुरमा हाट गर्नुपर्थ्यो। बिरामी हुँदा अस्पताल जान सक्दैनथे, गाउँमै धामीझाँक्रीको भर पर्नुपर्थ्यो। तर हाल कर्णालीको अवस्था फेरिएको छ। गाउँगाउँमा सडक पुगेका छन्। घरअगाडिबाटै गाडी चढ्न पाइएको छ। त्यतिमात्र होइन, स्थानीय उत्पादनले बजार पाएका छन्। पर्यटकका कारण बजार गुल्जार बन्दैछन्। अर्थात्, सडकका पूर्वाधारले कर्णालीमा समृद्धिको आधार तय गर्दैछन्।

**विस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*




समयभन्दा अगावै सम्पन्न हुने तयारीमा रहेको डुंगेश्वर-डाँडापराजुल सडक, जहाँ धमाधम कालोपत्रे भइरहेको छ। ● विस्नप्रसाद न्यौपाने

समाचार पृष्ठ २

## भित्री पृष्ठ



जरा खस, रुख नेपाल - पृष्ठ ३



'पोखेली सिसाकलम'मा महिला सिर्जना - पृष्ठ ४



एआई युगमा प्राज्ञिक चेतनाको कूटनीति - पृष्ठ ५



धान उत्पादन बढाउन कोरियाको २ अर्ब अनुदान - पृष्ठ ६

# कलहमा फस्यो रास्वपा मधेस

**मनिका झा** | *जनकपुरधाम*

प्रतिनिधिसभा निर्वाचनमा मधेसमा पहिलो पार्टी बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रथम महाधिवेशनसम्म पुग्न नपाउँदै आन्तरिक विवाद र गुट-उपगुटमा विभाजित भएको छ। जिल्ला र पालिकास्तरमा भएका अधिवेशनहरूमा कुटाकुट, झैझगडा र आन्तरिक कलहको अवस्था सिर्जना भएपछि प्रदेशका आठ जिल्लामध्ये सातवटामा अधिवेशन नै हुन सकेन। गत जेठ २६ गते रास्वपा केन्द्रीय निर्वाचन आयोगले सूचना जारी गर्दै मधेस प्रदेश अधिवेशनसम्बन्धी सम्पूर्ण गतिविधि स्थगित गर्‍यो।

आयोगका प्रमुख भुवन केसीद्वारा जारी सूचनामा 'पार्टी विधानको दफा ४१ तथा दफा ४९ बमोजिम केन्द्रीय निर्वाचन आयोगलाई प्राप्त अधिकार प्रयोग गरी मधेस प्रदेश अधिवेशनको निष्पक्ष, पारदर्शी, विश्वसनीय तथा विधिसम्मत सञ्चालन सुनिश्चित गर्न आवश्यक देखिएकाले मधेस प्रदेश अधिवेशनसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरू अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएको छ' भनी उल्लेख गरिएको छ।

रास्वपाको मधेसमा पालिका र वडा अधिवेशनको क्रममा देखिएको विवादको प्रमुख कारण आन्तरिक कलह, पार्टीमा लागेकाहरूको अत्यधिक महत्त्वाकांक्षा र प्रतिनिधिसभा निर्वाचनको क्रममा शीर्ष नेताहरूबाट बाँडिएको आश्वासन नै रहेको रास्वपाकै नेताहरू बताउँछन्। अधिवेशनका लागि प्रतिनिधिहरूको प्रवेश गराउँदा यतिका दिनसम्म प्रक्रियागत रूपमा नगर्ने र अन्तिममा आएर रातारात अनलाइनमा इन्ट्री गर्ने परिपाटी देखिएकाले गुनासो बढेको प्रवक्ता मनिष झाको भनाइ छ। निर्वाचित एक जना भएका ठाउँमा नाम अर्कैको लेखिएको समेत पाइएको उनले बताए। विधानअनुसार सम्बन्धित भूगोलमै गएर अधिवेशन गर्नुपर्ने भए पनि सहरतिर पार्टी प्यालेसहरूमा १० जनालाई बोलाएर गुपचुप रूपमा नेतृत्व छान्ने प्रयास भएको पाइएकाले गलत अभ्यास र प्रतिनिधित्वबाट जोगिन अहिलेलाई अधिवेशन होल्ड गर्ने निर्णयमा पुगिएको झाले प्रष्ट पारे। मधेसमा १ सय ३६ पालिकामध्ये ३० प्रतिशत जतिमा अधिवेशन सम्पन्न भइसकेको अवस्था रहेकाले यसलाई सकारात्मक नै लिएर अघि बढेको उनी बताउँछन्।




### कतै कुटाकुट त कतै विभागीय कारबाही

रास्वपा अधिवेशनको क्रममा मधेसका अधिकांश पालिकाहरूमा झैझगडा नै भयो। मधेस प्रदेशको एकमात्र पर्सा जिल्लामा अधिवेशन सम्पन्न भए पनि त्यहाँ विवाद र कुटाकुटकै बीच निर्वाचन प्रक्रिया पूरा गरिएको थियो। पर्सामा क्षेत्र नम्बर १ का सांसदसमेत रहेका हरि पन्त सभापति निर्वाचित भएका हुन्। अधिवेशनको क्रममा पर्सा क्षेत्र नम्बर २ का सांसद सुशील साह र पन्तका समर्थकबीच कुटाकुट नै भएको थियो, यद्यपि चुनाव सम्पन्न गराइयो। पर्साका वीरगन्ज महानगरपालिका, सखुवा प्रसौनी, धोबिनी, जिराभवानी, पोखरिया र बहुदरमाई नगरपालिकामा अधिवेशन सम्पन्न भएको छ भने कालिकामाई र पकाहामैनपुर गाउँपालिकामा विवादका कारण तदर्थ समिति गठन गरिएको छ। त्यस्तै जगरनाथपुर, पटेर्वा सुगौली, ठोरी, बिन्ध्यवासिनी, छिपहरमाई र पर्सागढी नगरपालिकामा भने अधिवेशन हुन बाँकी नै छ।

सिरहामा अधिवेशनको क्रममा अधिवेशनस्थलमै झडप भयो। प्रतिनिधिसभा सदस्य रामसोगारथ यादवको नेतृत्वमा कार्यसमिति चयन गरेर घोषणा गर्न दबाब दिइएपछि त्यहाँ विवाद सुरु भएको थियो। पार्टीका सांसद पुरुषोत्तम यादव निकट पक्षले जिल्ला कार्यसमितिमा आफ्नो दबदबा बनाउनकै लागि नातेदार रामसोगारथ यादवको नेतृत्वमा कार्यसमिति गठन गराउन खोज्दा विरोध भएको वर्तमान सभापति हरिप्रसाद मैनाली समूहका नेता-कार्यकर्ताको भनाइ थियो।

बाँकी पृष्ठ ६

## रास्वपा सभापति लामिछानेको संगठित अपराधका सबै मुद्दा फिर्ता

**काठमाडौं** : रास्वपा सभापति रवि लामिछानेमाथि लगाइएका संगठित अपराधसम्बन्धी सबै अभियोग फिर्ता भएका छन्। शुक्रबार काठमाडौं जिल्ला अदालतले फिर्ता लिएसँगै सबै संगठित अपराधसम्बन्धी मुद्दा फिर्ता भएका हुन्।

जिल्ला न्यायाधीश आत्मदेव जोशीको इजलासले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम लामिछानेसहितका प्रतिवादीमाथिको संगठित अपराधको अभियोग हटाउन आदेश दिएको हो। जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंले सुमन खनाललगायतको जाहेरीका आधारमा सहकारी ठगी तथा संगठित अपराधसम्बन्धी मुद्दामा अभियोगपत्र संशोधनका लागि निवेदन दायर गरेको थियो।

यसअघि रूपन्देही, पर्सा र कास्की अदालतले समेत संगठित अपराधको मुद्दा फिर्ता लिन आदेश दिएको सकेको छ। कास्की अदालतमा दायर सम्पत्ति शुद्धीकरणको मुद्दा पनि फिर्ता लिइसकिएको छ।

सबै अदालतहरूमा सहकारी ठगीको मुद्दा यथावत् राखेर अन्य मुद्दा फिर्ता लिइएको हो। संसदीय विशेष छानबिन समितिको प्रतिवेदनको आधार बनाएर रास्वपा सभापति लामिछानेमाथि सहकारी ठगीका साथै संगठित अपराध, सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोगमा देशका विभिन्न अदालतमा मुद्दा दायर गरिएको छ।

बाँकी पृष्ठ ६

# कक्षा १२ मा ६९.७५ प्रतिशत उत्तीर्ण

**संजीप घिमिरे** | *भक्तपुर*

राष्ट्रिय परीक्षा बोर्डले परीक्षा सकिएको ३९औं दिनमा शुक्रबार कक्षा १२ को परीक्षाफल प्रकाशन गरेको छ। गत वर्ष ७८ दिन लगाएर परीक्षाफल प्रकाशन गरेको बोर्डले यस वर्ष भने सरकारको कार्यादेशअनुसार चाँडै परीक्षाफल प्रकाशन गरेको हो।

गत वैशाख १४ देखि २७ गतेसम्म सञ्चालन भएको परीक्षामा नियमित र आंशिक गरी कुल ४ लाख ९५ हजार १ सय ७० विद्यार्थी परीक्षार्थी सहभागी रहेका थिए। प्रकाशित नतिजाअनुसार आंशिकतर्फका ३६ हजार ४ सय २० सहित कुल २ लाख ६८ हजार १ सय ९० परीक्षार्थी उत्तीर्ण भएका छन्। नियमित र आंशिक गरी ६४.३१ प्रतिशत परीक्षार्थीले कक्षा १२ को परीक्षा उत्तीर्ण गर्न सफल भएका बोर्डले जनाएको छ।

नतिजाअनुसार नियमिततर्फ ३ लाख ३२ हजार २ सय ४१ परीक्षार्थीमध्ये २ लाख ३१ हजार ७ सय ७० अर्थात् ६९.७५ प्रतिशत उत्तीर्ण भएका छन्।

### नतिजा सुधारोन्मुख

नियमित परीक्षार्थीको परीक्षाफल विश्लेषण गर्दा गत वर्षभन्दा यो वर्ष ९ प्रतिशत बढी विद्यार्थी उत्तीर्ण भएका परीक्षा नियन्त्रक कृष्ण शर्माले जनाएका छन्।

राष्ट्रिय परीक्षा बोर्डले कमजोर नतिजा भएका प्रदेश, जिल्ला, पालिका हुँदै विद्यालय केन्द्रित सिकाइ प्रभावकारी अनुसन्धान र विश्लेषण गरेर कार्ययोजना बनाउँदा नतिजामा सुधार आएको उनले दाबी गरे।

गाउँपालिका र नगरपालिका महासंघसँग सहकार्य गरेर चार सय बढी पालिकामा बोर्डले विषयविज्ञ पढाएर पाठ्यक्रम, प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परीक्षणलगायतको तालिम दिएको उनले जानकारी गराए। 'शिक्षण सिकाइ प्रभावकारी बनाउन गत वर्ष दुई हजारभन्दा बढी शिक्षकलाई अभिमुखीकरण र तालिम दिँदा यो वर्ष ९ प्रतिशतले नतिजामा सुधार आएको देखियो,' परीक्षा नियन्त्रक शर्माले दाबी गरे।

बाँकी पृष्ठ ६




शान्ति र लोकतन्त्रको लागि पेसागत सञ्जाल (पापड)ले शुक्रबार माइतीघर मण्डलामा आयोजना गरेको लोकतन्त्र, विधिको शासन, नागरिक सर्वोच्चता, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकको संरक्षणका लागि ऐक्यबद्धता र्‍यालीमा सहभागीहरू। ● खगेन्द्र फुयाल/नेपाल पत्रकार महासंघ।

समाचार पृष्ठ ६